## दुहवी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ७ संख्या : ७ प्रकाशन मिति : २०८१/११/१२


## भाग १

# दुहवी नगरपालिका

## दुहबी नगरपालिकाको शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७७ लाई संशोधन गर्न बनेको ऐन, २०८१

# दुहबी नगरपालिकाको शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७७ लाई संशोधन गर्न बनेको ऐन, २०८१

नगरसभाबाट पारित मितिः २०८१/०९/२९

प्रमाणिकरण मितिः २०८१/०९/२९

ऐनको दफा २ को उपदफा थ मा नगर शिक्षा अधिकारीको परिभाषा संशोधन गरिएको

"नगर शिक्षा अधिकारी" भन्नाले नगरपालिकाको शिक्षा शाखाको प्रमुख वा सोको कामकाज गर्न तोकिएको शिक्षा अधिकृत वा शिक्षा शाखाको शिक्षा सेवाको कर्मचारीलाई सम्झनु पर्छ भन्ने वाक्य थप गरिएको

ऐनको दफा २ को उपदफा श पछाडि ष थप गरिएको

"प्राविधिक सहायक" भन्नाले शिक्षा प्रशासन सेवाको पाचौं तहको सहायक स्तरको कर्मचारी सम्झनु पर्दछ भन्ने वाक्य थप गरिएको

ऐनको दफा २६ को उपदफा य पछाडि र थप गरिएको

शिक्षा समितिको काम, कर्तव्य र आधिकार अन्तर्गत उपदफा (य) पछाडि उपदफा (र) मा दफा ९१ को उपदफा ३ बमोजिम विद्यालयको खाता सञ्चालन गर्न समस्या उत्पन्न भएमा कार्यालयको कर्मचारीको नामबाट खाता सञ्चालन गर्न सिफारिस गर्ने भन्ने वाक्य थप गरिएको

ऐनको दफा २७ को उपदफा ६ संशोधन गरिएको

सम्बन्धित विद्यालय निरीक्षकलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा भाग लिन पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सकिने छ भन्ने वाक्यको सट्टामा विद्यालय व्यवस्थापन समितिकोको बैठकमा भाग लिन पर्यवेक्षकको रुपमा शिक्षा अधिकृत वा प्राविधिक सहायक आमन्त्रित हुन सक्ने/गर्न सकिने भन्ने वाक्य परिवर्तन गरिएको

ऐनको दफा २८ को उपदफा २ संशोधन गरिएको

उपदफा (१) बमोजिम सदस्य छनोट गर्ने सम्बन्धमा अभिभावकलाई सहयोग गर्नका लागि सम्बन्धित विद्यालय निरीक्षक वा निज उपलब्ध नभएमा शिक्षा अधिकारीले खटाएको अधिकृतको संयोजकत्वमा भन्ने वाक्यको सट्टामा उपदफा (१) बमोजिम सदस्य छनोट गर्ने सम्बन्धमा अभिभावकलाई सहयोग गर्नका लागि प्रमुख प्रशासकीय अधिकृतले खटाएको शिक्षा अधिकृत वा प्राविधिक सहायकको संयोजकत्वमा भन्ने वाक्य थप गरिएको

ऐनको दफा २८ को उपदफा २ पछाडि  ३ थप गरिएको

प्रधानाध्यापकले दफा २७ को उपदफा १ (क) अनुसारका सदस्य छनौट गर्नका लागि  बोलाएको अभिभावक भेलामा दुई पटकसम्म ५०% भन्दा कम अभिभावक उपस्थित भई सदस्य छनौट हुन नसकेमा तेस्रो पटकको अभिभावक भेलामा उपस्थित अभिभावक मध्येबाट सदस्यहरू छनौट गर्न बाधा पर्ने छैन भन्ने उपदफा थप गरिएको

ऐनको दफा २८ उपदफा ३ पछाडि ४ थप गरिएको

<u>उपदफा ३ अनुसारको प्रक्रियाबाट पनि सदस्यहरूको छनौट हुन नसकेमा विद्यालयको शैक्षिक, आर्थिक तथा भौतिक सम्बन्धी कार्य सञ्चालन गर्न वडा अध्यक्षको अध्यक्षतामा नगर शिक्षा समितिका सदस्यहरूमध्ये नगर प्रमुखले तोकेको एक महिलासहित ३ जना समेत सदस्य हुने गरी एक वडा शिक्षा व्यवस्थापन समिति गठन गर्न सकिने छ र सो समितिको सदस्य सचिव सम्बन्धित विद्यालयको प्रधानाध्यापकले गर्नेछ । वडा शिक्षा व्यवस्थापन समितिले गरेका निर्णय तथा कार्यहरू विद्यालय व्यवस्थापन समितिले गरे सरह मान्य हुने छ भन्ने उपदफा थप गरिएको</u>

ऐनको दफा ३३ को उपदफा २ संशोधन गरिएको

सम्बन्धित विद्यालय क्षेत्रको विद्यालय निरीक्षकको पद खालि रहेको अवस्थामा विद्यालय व्यवस्थापन समितिको बैठकमा भाग लिन शिक्षा अधिकारीले अरु कुनै अधिकृतलाई पर्यवेक्षकको रुपमा पठाउन सक्ने छ भन्ने वाक्यको सट्टामा <u>विद्यालय व्यवस्थापन समितको बैठकमा भाग लिन नगर शिक्षा अधिकारी वा प्रमुख प्रशासकीय अधिकृतले शिक्षा अधिकृत वा प्राविधिक सहायकलाई पर्यवेक्षकको रुपमा पठाउन सक्ने छ भन्ने वाक्य संशोधन गरिएको</u>

ऐनको दफा ३९ को उपदफा १ को ङ संशोधन गरिएको

शाखा अधिकृत/विद्यालय निरीक्षकको सट्टामा <u>शिक्षा अधिकृत वा शिक्षा शाखाको प्राविधिक सहायक सदस्य सचिव हुने भन्ने वाक्य संशोधन गरिएको</u>

ऐनको दफा ६० को उपदफा १ को ख  संशोधन गरिएको

सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक वा शिक्षा अधिकारीले तोकेको शिक्षा सेवाको अधिकृत प्रतिनिधि भन्ने वाक्यको सट्टामा प्रमुख प्रशासकीय अधिकृतले तोकेको शिक्षा सेवाको अधिकृत वा प्राविधिक सहायक प्रतिनिधि हुने भन्ने वाक्य संशोधन गरिएको

ऐनको दफा ९१ को उपदफा ३  संशोधन गरिएको

विद्यालय सञ्चालन कोषको सञ्चालन गर्न  व्यवस्थापन समितिको अध्यक्ष वा सोही समितिले तोकेको व्यवस्थापन समितिको सदस्य र प्रधानाध्यापकको संयुक्त दस्तखतबाट  हुनेछ भन्ने वाक्यको पछाडि यदि कुनै विद्यालयको व्यवस्थापन समिततिको अवधि सकिएर विद्यालयको दैनिक कार्य सञ्चालन गर्न कठिनाइ भएको कारण विद्यालयको खाता संचालन गर्न नगर शिक्षा समितिले निर्णय गरी प्रधानाध्यपक र यसै नगरपालिको  कर्मचारीकको संयुक्त दस्तखतबाट खाता संचालन गर्न बाधा पर्ने छैन  भन्ने वाक्य थप गरिएको

ऐनको अनुसूचि १ (दफा ३ सँग सम्बन्धित)

अनुसूचि-१ (दफा ३ सँग सम्बन्धित) विद्यालय खोल्ने अनुमतिका लागि दिइने निवेदन भन्ने वाक्यलाई संशोधन गरी अनुसूचि-१ (दफा ३ र दफा १९ सँग सम्बन्धित) विद्यालय खोल्न र कक्षा थप गर्ने अनुमतिका लागि दिइने निवेदन भन्ने वाक्य राखिएको

**आज्ञाले**

**सुवर्ण घिमिरे**

**प्रमुख प्रशासकीय अधिकृत**